जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १३७ २०८१ साल पुस १२ गते शुक्रबार (27 Dec. 2024 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : कोप–२९ पछि जलवायु संकट... ३ पृष्ठमा : विशाल महोत्सवमा ४०... ३ पृष्ठमा : सिरियाको टार्टस प्रान्तमा...

# समाजका ज्यूँदा इतिहासको संरक्षण जरुरी छ : न्यायाधिश ज्ञवाली



**दैनिक समाचारदाता**
**राजविराज, ११ पुस ।**

उच्च अदालत जनकपुर-राजविराज इजलाशका मुख्य न्यायाधिश बामदेव ज्ञवालीले ज्येष्ठ नागरिक समाजका ज्यूँदा इतिहास भएकाले उनीहरुको संरक्षण जरुरी रहेको बताएका छन् ।

चौथो जेष्ठ नागरिक राष्ट्रिय दिवसको अवसर पारेर विहिवार ज्येष्ठ नागरिक जिल्ला संघ तथा पूर्व कर्मचारी सेवा परिषद नेपाल सप्तरीले ज्येष्ठ नागरिकलाई सम्मान कार्यक्रमको प्रमुख आतिथ्यको आसन्नबाट उनले यस्तो बताएका हुन् ।

न्यायाधिश ज्ञवालीले ज्येष्ठ नागरिकहरु समाजमा ज्युँदा इतिहास भएकाले उनीहरुबाट शिक्षा लिदै भावी र वर्तमान पुस्ता अघि बढ्नु पर्नेमा जोड समेत दिए ।

उनले भने "ज्येष्ठ नागरिक हाम्रो देशको गहना, सम्पदा र अमूल्य सम्पती हो, उनीहरुको सुरक्षा र संरक्षण, घरपरिवार, टोल, समाज र सरकार सबैले मिलेर गर्नू पर्छ ।"

उनले तुलनात्मकरुपले नेपालको अहिलेको संविधान ज्येष्ठ नागरिकका लागी फराकिलो बनाईएको छ । "ऐन कानुनमा ज्येष्ठ नागरिकको हेरचार र पालनपोषण गर्नु हरेक नागरिकको कतर्ब्य हुने र राज्यले विशेष संरक्षण दिने व्यवस्थामा छ ।" न्यायाधिश ज्ञवालीले भने- "तर दुर्भाग्य ज्येष्ठ नागरिक ज-जसबाट संरक्षित हुनु पर्ने हो उसैबाट अपहेलित र असुरक्षित हुने क्रम बढ्दो छ ।"

कार्यक्रममा ८० वर्ष भन्दा माथीका राजविराज नगरपालिका भित्रका ज्येष्ठ नागरिक नित्यानन्द देव, हरिनारायण यादव, बद्री राजभण्डारी, दशरथ सुनरैत यादव र जसवा सदालाई दोसल्ला तथा करदपत्रबाट सम्मान गरिएको छ ।

नागरिक समाज सप्तरीका अध्यक्ष थानसिह भन्सालीले ज्येष्ठ नागरिक घर परिवार र समाजबाटै अपहेलित हुने गरेको भन्दै यसमा सुधारको आवश्यक्ता औल्याए । ज्येष्ठ नागरिकको जिवनयापन सहज बनाउन परिवार, समाज र संस्थाको भर नपरि राज्यले आफै दायित्व लिनुपर्ने उनको कथन छ ।

नेपाल पत्रकार महासंघका केन्द्रिय परिषद् सदस्य मनोज कुमार माझीले बाबुआमा समान ज्येष्ठ नागरिक समाजका प्रेरणाका श्रोत र अनुभवको खानी रहेको भन्दै उनीहरुबाट वर्तमान र भावीपूस्ताले धेरै कुरा सिक्नु पर्नेमा जोड दिए ।

ज्येष्ठ नागरिक जिल्ला संघ सप्तरीका अध्यक्ष रामनरेश सिंहको अध्यक्षतामा आयोजित कार्यक्रममा संघका सचिव एवं प्रेस स्वतन्त्रता सेनानी बैजनाथ झा, पूर्व कर्मचारी सेवा परिषद् नेपाल सप्तरीका पूर्वअध्यक्षद्वय प्रयागलाल यादव, सुगम्बर यादव, ज्येष्ठ नागरिक वडासमितिका सभापति सत्यनारायण देव, नेपाल राष्ट्रिय मारवाडी परिषद्का उपाध्यक्ष मन्जु सारदा, समाजसेवी हितनारायण लाल दास लगायतले पनि बोल्दै ज्येष्ठ नागरिकको सुरक्षा र संरक्षणका लागि सबै मिलेर काम गर्नु पर्नेमा जोड दिएका थिए ।

# मङ्कीपक्स सङ्क्रमितको स्वास्थ्य सुधारोन्मुख

काठमाडौँ, ११ पुस (रासस) ।

मङ्कीपक्स सङ्क्रमण भएका बिरामीको स्वास्थ्य अवस्था सुधारोन्मुख छ । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा उपचाररत तनहुँका ३६ वर्षीय युवकको स्वास्थ्य सुधारोन्मुख रहेको अस्पतालका निर्देशक डा. युवानिधि बसौलाले जानकारी दिनुभयो ।

उहाँले निजको अवस्था सामान्य रहेको बताउनुभयो । मङ्कीपक्स सङ्क्रमण भएकालाई कम्तीमा तीन साता एक्लै राखेर उपचार गर्नुपर्ने भएकाले सोही अनुरुप गरिएको जानकारी निर्देशक बसौलाले दिनुभयो ।

साउदी अरवबाट आएका ती युवकमा यही पुस ५ गते मङ्कीपक्स सङ्क्रमण भएको पुष्टि भएको हो । सोही दिनदेखि निजको उक्त अस्पतालमा उपचार जारी छ ।

# समाजसेवी ई. यादवद्वारा नवनिर्वाचित पदाधिकारी सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, ११ पुस ।**

सप्तरीका एक समाजसेवीले नेपाल पत्रकार महासंघमा नवनिर्वाचित पदाधिकारीहरुलाई सम्मान गरेका छन् ।

धर्मी हल्फा महिला विकास क्लबका अध्यक्ष एवं समाजसेवी ई. सूर्यनारायण यादवले बिहीबार नवनिर्वाचित पदाधिकारीहरुलाई सम्मान गरेका हुन् ।

नेपाल पत्रकार महासंघ सप्तरीका कोषाध्यक्ष नवीनकुमार गुप्ता, सदस्यद्वय रक्षा चौधरी र बृजमान तामाङ तथा राष्ट्रिय परिषद् सदस्य मनोज कुमार माझी सम्मानित भएका हुन् ।

सम्मान पश्चात यादवले नवनिर्वाचित पत्रकारहरुलाई सम्मान गर्न पाउँदा खुशी लागेको बताएका छन् ।

अग्निपीडितहरुलाई राहत उपलब्ध गराउँदै आएका उनले आफूले गर्दै आएको सामाजिक सहयोगलाई आम जनता समक्ष पुर्‍याउन पत्रकारहरुले उल्लेख्य भूमिका निर्वाह गर्दै आएको बताउँदै उनले शुभकामना व्यक्त गरे ।

आगामी दिनमा पनि आम नागरिकको गुनासो र समस्याबारे कलम चलाई राख्न आग्रह गर्दै समाजसेवी यादवले समाजको ऐना भनिने पत्रकारिता कर्मप्रति अझै जिम्मेवार भएर देश र समाजको हितमा काम गर्ने विश्वास व्यक्त गरे ।

# वडाध्यक्ष महतोको निधन

**दैनिक समाचारदाता**
**सर्लाही, ११ पुस ।**

सर्लाहीको बसबरिया गाउँपालिका-३ का वडाध्यक्ष नन्दलाल महतोको ६९ वर्षको उमेरमा निधन भएको छ ।

क्यान्सरबाट पीडित उहाँको उपचारका क्रममा बुधवार राति भरतपुरस्थित बिपी कोइराला मेमोरियल अस्पतालमा निधन भएको हो ।

बसबरिया गाउँपालिकाका अध्यक्ष रामसिंहासन रायका अनुसार महतोको बिहीबारै दाहसंस्कार गरिएको छ । उहाँ नेपाली कांग्रेसबाट वडाध्यक्ष निर्वाचित भएका थिए । बसबरिया गाउँपालिकाले बिहीबार गाउँपालिकामा शोक बिदा भएको जनाएको छ ।

**सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं**

सामाजिक सञ्जालमा:

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन । त्यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### स्थानीय पालिकाहरु गम्भिर बन्नु जरुरी

विपद् पूर्व निकै तामझामका साथ गरिन्छ, विपद् आइसकेपछि सबै हतास देखिन्छ । हतार हतारमा अल्पकालिन नीति बनाएर जसोतसो आइपरेको विपद्को क्षतिलाई न्युनिकरण गर्नेतर्फ हामी अग्रसर हुन्छौं । मधेशका जिल्लाको विपद्का कारण प्रत्येक वर्ष जनजिवन निकै प्रभावित हुने गरेको हामी सबैलाई विदितै छ । विपद्प्रति अल्पकालिन नीति बनाएर जासोतसो तत्काल समस्या समाधान गर्नेतर्फ अग्रसरता हुनु भन्दा स्थानीय पालिकाको बैठकबाट दिर्घकालिन नीति निर्माणदेखी कार्यान्वयनसम्मको बाटो निकाल्नु आवश्यक छ । ती पालिकाहरुले आफ्नो बार्षिक नीति तथा योजना बनाउँदा यस्ता विषयमा बजेट बिनियोजनका साथै दिर्घकालिन सोच बनाउनु आवश्यक छ ।

विपद् पूर्व तयारी गरिन्छ तर, विपद् आइसकेपछि त्यो तयारी अपुग देखिन्छ । मधेशका जिल्लाहरुमा यसको उदाहरणहरु देख्न पाइन्छ । विपद् भन्नाले आगलागि, हावाहुरी, बाढी, पहिरो, भुकम्पलगायतलाई बुझ्नु पर्दछ । अहिले गर्मीपछिको चिसो मौसम सुरु भइसकेको छ । चिसोबाट पनि जनताहरु निकै प्रभावित हुने गर्दछन् । यस्तो अवस्थामा निम्न वर्गमा व्यक्तिहरु निकै मारमा पर्ने गर्छन् । एउटा ठोस नीति निर्माण गरेर दिर्घकालिन समाधानतर्फ अग्रसर हुनु आवश्यक छ ।

तसर्थ यसका लागि माथिल्लो निकाय भन्दा पनि बढी स्थानीय पालिकाहरुले पूर्व तयारीमा जुट्नु आवश्यक छ । स्थानीय पालिकाहरु अत्याधिक चिसोबाट बच्न पूर्वतयारी गरेर अगाडी बढ्न सके पक्कै पनि निमुख्खा जनतालाई बचाउन सक्ने कुरामा दुईमत नहोला ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# कोप–२९ पछि जलवायु संकट टार्न के हुन्छ नेपालको रणनीति ?

**प्रगति ढकाल**

काठमाडौं, ११ पुस (रासस) ।

जलवायुजन्य सङ्कट बर्सेनि थपिँदै गएको छ । कृषि, स्वास्थ्य, विकास पूर्वाधार, पारिस्थितिक प्रणालीमा हुने क्षतिले मुलुकले ठूलो नोक्सानी बेहोरिरहेको छ । नेपालको मुख्य पहिचान बोकेका सेता हिमाल कालापत्थरमा परिणत हुँदैछन् । यसले सर्वत्र चिन्ता छ, अब चुनौतीको सामना कसरी गर्ने ? हाम्रा प्राकृतिक सम्पदा र चिनारीलाई कसरी जोगाउने ?

विभिन्न अध्ययनहरूले जलवायु परिवर्तनका कारण निकट विगत जति त्रासदीपूर्ण छ भविष्य थप जटिल बन्ने भनेर औँल्याइरहेका छन् । एसियाली विकास बैङ्क (एडिबी) ले हालै सार्वजनिक गरेको एक अनुसन्धान प्रतिवेदनले जलवायु परिवर्तनको प्रभावले विकासशील एसिया र प्रशान्त क्षेत्रमा कुल गार्हस्थ उत्पादन (जिडिपी) लाई सन् २०७० सम्ममा १७ प्रतिशतले घटाउन सक्ने देखाएको छ । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को अध्ययनअनुसार हिन्दूकुश हिमालय क्षेत्रमा जलवायु परिवर्तनको असर विश्वको औसतभन्दा तीन गुणा बढी छ । इसिमोडका अनुसार यस क्षेत्रमा सन् २०११ देखि सन् २०२० को एक दशकमा त्यसअघिको तुलनामा हिमनदी पग्लने क्रम ६५ प्रतिशतले बढेको थियो ।

जलवायुले ल्याएका अन्य भयानक सङ्कटहरू नेपालीले आफ्नै जीवनमा दिनहुँ भोगिरहेका छौँ । गत साउन ३२ गते सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा अचानक लेदोसहितको बाढीले पुर्‍याएको क्षति पनि जलवायुजन्य सङ्कटकै एउटा उदाहरण रहेको विज्ञहरूको भनाइ छ । गत असोज १०, ११ र १२ गते काठमाडौँ उपत्यकालगायत मुलुकका अधिकांश स्थानमा भएको भारी वर्षाले ल्याएको विपद्ले कैयौँले अकालमै ज्यान गुमाएका, कैयौँ घाइते र घरबारविहीन बनाएको घटना ताजै छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्कअनुसार त्यसबेला तीन दिनकै अवधिमा दुई सय ५० जनाले ज्यान गुमाए । १८ जाना अझै बेपत्ता छन्भने एक सय ७८ जना घाइते भए । झन्डै छ हजार निजी आवासमा क्षति पुग्यो ।

तीन वर्षअघि पनि बेमौसमी बाढीका कारण झन्डै आठ अर्बभन्दा बढी मूल्य बराबरको धानबालीमा क्षति पुगेको कृषि मन्त्रालयले जनाउने गरेको छ । सोही बेला मनसुन सुरु भएको साता दिन नपुग्दै सिन्धुपाल्चोकका मेलम्ची र इन्द्रवती नदीमा आएको बाढीका कारण मेलम्ची खानेपानी आयोजनामा दुई अर्बभन्दा बढी क्षति पुगेको मेलम्ची खानेपानी विकास समितिको तथ्याङ्क छ ।

प्राधिकरणको तथ्याङ्कअनुसार यस वर्ष मनसुनजन्य विपद्का कारण मात्रै चार सय ९५ जानाले अकालमै ज्यान गुमाएका छन्भने ६६ जाना बेपत्ता र पाँच सय २२ जाना घाइते भएका छन् । जलवायुका यी र यस्ता ज्वलन्त उदाहरणहरु हामीसँग थुप्रै छन् ।

गत नोभेम्बर ११ देखि (कात्तिक २६) देखि नोभेम्बर २२ (मङ्सिर) सम्म बाकुको अजबैजानमा सम्पन्न जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २९औँ शिखर सम्मेलनमा नेपालले यी र यस्तै उदाहरण प्रस्तुत गरेर विश्वको ध्यानाकर्षण गर्‍यो । नेपाललगायत अन्य मुलुकले भोगेका यस्तै समस्याबारे आवाज उठे पनि सङ्कट समाधानका लागि तत्काल सम्बोधन गर्नेगरी सम्मेलनले निर्णय गर्न सकेन । कोप–२९ पछि त्यहाँको सिकाइ र अन्य अनुभवले अब नेपाल आफैँले सङ्कटको सामनाका लागि नयाँ रणनीति अख्तियार गर्न आन्तरिक गृहकार्य अत्यन्त आवश्यक रहेको विज्ञहरूको सुझाव छ ।

**सङ्कट सामनाका लागि आन्तरिक तयारी**

यसमा वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरी पनि सहमत हुनुहुन्छ । उहाँ कोपमा मात्रै नभई कोपपछि पनि जलवायुजन्य सङ्कट समाधान हुनेगरी नीति तर्जुमा गर्न सकिने बताउनुहुन्छ । जलवायु परिवर्तन निम्त्याउन नेपालको नगन्य योगदान भए पनि त्यसबाट निम्तिएका असर न्यूनीकरण र अनुकूलनका लागि विश्व मञ्चमा जलवायु परिवर्तनका मुद्दा उठाउन नेतृत्वदायी भूमिका लिँदै आएको उहाँको भनाइ छ । "अन्तर्राष्ट्रिय मञ्चहरूमा आफ्ना समस्या मात्र राख्ने होइन, हामीले अघि सारेका जलवायुमैत्री योजना र गरेका उपलब्धिका बारेमा प्रचार गरी, थप अन्तर्राष्ट्रिय सहकार्यका लागि प्रोत्साहन गर्न हामी सफल भएका छौँ," उहाँले रासससँग भन्नुभयो, "तर अब कोपपछि पनि हामीले स्वदेशमा जलवायु सङ्कट समाधानका लागि गृहकार्य गर्न आवश्यक छ । यसका लागि अन्तरसरकारी निकाय र विभिन्न सरोकारवालाहरूबीच सहकार्य अघि बढाउनेछौँ ।"

मन्त्री शाहीले कोपबाट प्राप्त उपलब्धिलाई कार्यान्वयन र आवश्यक कानुन निर्माण तथा संस्थागत सुधारका लागि पहल भइरहेको बताउनुभयो । अन्तर्राष्ट्रियस्तरमा प्राप्त उपलब्धिका लाभलाई तल्लो तहका जनतासमक्ष पुर्‍याउन र नेपालले अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धता पूरा गर्न निरन्तर प्रयास भइरहेको उहाँले बताउनुभयो । "यसै अनुरूप सन् २०२५ मा बुझाउने २०३५ सम्मका लक्ष्यसहित नयाँ राष्ट्रिय निर्धारित योगदान (एनडिसी) बनाउने प्रकृया अगाडि बढाएका छौँ, जलवायु परिवर्तनका बारेमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सहभागितासहित सगरमाथा संवादको आयोजना गर्ने तयारी गरिरहेका छौँ", उहाँले भन्नुभयो ।

मन्त्री शाहीका जलवायुविज्ञ सल्लाकार डा माधव कार्कीले अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच स्थापित गर्न व्यापक गृहकार्य अगाडि बढाउनुपर्नेमा जोड दिनुभएको छ । "विकसित देशहरूले विकासोन्मुख देशहरूलाई वार्षिक तीन सय बिलियन डलरसम्म उपलब्ध गराउने सहमति भएको छ । जलवायु वित्त दायित्व बढाउनमा नेपाललगायतका मुलुकले कोपमा दबाब दिएर फर्किसक्यौँ", उहाँले भन्नुभयो, "तर हाम्रो अपेक्षाअनुसार जलवायु वित्त प्रतिबद्धता आउन नसके पनि ती कोषहरूबाट रकम ल्याउन अब गृहकार्य गर्नुपर्छ । जलवायुजन्य हानि नोक्सानी न्यूनीकरणका लागि वित्तमा पहुँच स्थापित गराउन वैज्ञानिक अध्ययन-अनुसन्धानलाई नै अगाडि बढाउनुपर्छ ।"

अर्का जलवायुविद् राजु पण्डित क्षेत्रीले पनि जलवायु वित्तका महत्वकाङ्क्षी लक्ष्य कार्यान्वयनका लागि कोपपछि पनि निरन्तर गृहकार्य आवश्यक रहेकामा जोड दिनुभएको छ । "जलवायु परिवर्तनका सङ्कटहरू छिटोछिटो निम्तिरहेका छन् । अन्तराष्ट्रियस्तरमा मात्रै कुरा राखेर समस्या त समाधान हुँदैन",उहाँले भन्नुभयो, "कोपमा मात्रै नभएर हामीले अब नेपालको हितमा काम गर्न जलवायुजन्य सङ्कट समाधानका लागि घरभित्रै पनि गृहकार्य गर्न जरूरी छ ।"

जलवायुविज्ञ मञ्जित ढकालले अन्तराष्ट्रियस्तरबाट जलवायु परिवर्तनको सङ्कट आगामी दिनमा अझै बढ्ने स्पष्ट देखिएकाले अब नेपाल सम्भावित सङ्कट समाधानमा लाग्नुपर्ने बताउनुभयो । "कोपपछि अब हामीले राष्ट्रियस्तरबाट पनि गर्नैपर्ने विभिन्न कामलाई द्रुतगतिमा अगाडि बढाउनुपर्छ । स्थानीय तहमा जलवायु परिवर्तनका असर न्यूनीकरका लागि पहल आवश्यक छ", उहाँले भन्नुभयो, "जलवायु परिवर्तन न्यूनीकरणका लागि प्रतिबद्धताअनुसार काम गर्नुपर्नेछ ।"

ढकालले अन्तर्राष्ट्रियस्तरमा जलवायुका असरसम्बन्धी 'एजेन्डा'हरू प्रभावकारी रूपमा उठाउनका लागि विज्ञसहितको वार्ताटोली तत्कालका बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । "कोपपछि कार्बन व्यापारको नियमलाई छिटो टुङ्ग्याएर जतिसक्दा छिटो लाभ लिनुपर्छ । हानि- नोक्सानीबाट कसरी रकम ल्याउन सकिन्छ गृहकार्य गर्नुपर्छ र यसका लागि विश्वविद्यालयको सहभागितासहितको अध्ययन-अनुसन्धानमा प्राथमिकता दिनुपर्छ ।"

**जलवायु नीति कार्यान्वयन र जलवायु न्याय सुनिश्चिततामा जोड**

वन तथा वातावरण मन्त्रालयअन्तर्गतको जलवायु व्यवस्थापन माहाशाखाका उपसचिव नरेश शर्माले नेपालले जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय रूपमा निर्धारण गरिएका योगदानहरू (एनडिसी) र दीर्घकालीन रणनीतिहरूलाई कार्यान्वयनमा जोड दिइनुपर्ने बताउनुभयो । यसका लागि मन्त्रालयले काम गर्ने उहाँको भनाइ छ । "कोप भनेको वार्ताको प्रक्रिया मात्रै हो तर अब नेपालले अन्तर्राष्ट्रियस्तरमा जलवायु परिवर्तनसम्बन्धी गरेका प्रतिबद्धता कार्यान्वयन गर्न आवश्यक छ", उहाँले भन्नुभयो, "जलवायु परिवर्तनका कारण बढी जोखिममा रहेका क्षेत्रहरूलाई प्राथमिकता दिने, स्थानीय तहमा अनुकूलन योजनाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने हाम्रो तयारी छ ।"

जलवायु अभियन्ता गीता पाण्डेले जलवायु न्याय सुनिश्चितता गर्नुपर्नेमा जोड दिनुभयो । अन्तर्राष्ट्रिय कोष जस्तै हरित जलवायु कोष र अन्य दातृ निकायबाट जलवायु अनुकूलन र न्यूनीकरणका लागि स्रोत परिचालन गर्न वित्तीय नीतिहरूलाई जलवायुमैत्री बनाउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले प्रविधि हस्तान्तरण र स्वच्छ ऊर्जा र दिगो कृषि प्रविधिहरू अपनाउने गरी योजना बनाउनुपर्ने सुझाव दिनुभयो । "नेपाल जस्ता हिमाली देशहरूमा जलवायु परिवर्तनको गम्भीर प्रभाव परेको छ, त्यसैले जलवायु परिवर्तनसम्बन्धी जनचेतना फैलाउने र सरकारी, गैरसरकारी र निजी क्षेत्रको क्षमता अभिवृद्धि गर्ने काममा लाग्न आवश्यक छ । कोप–२९ का निष्कर्षहरूलाई ध्यानमा राखेर नेपालले आफ्नो दीर्घकालीन रणनीतिलाई थप प्रभावकारी बनाउनुपर्छ ।"

**नवीकरणीय ऊर्जा प्रवर्द्धन, पूर्वतयारीमा जोड**

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (एइपिसी) का कार्यकारी निर्देशक नवराज ढकालले नवीकरणीय ऊर्जा प्रवर्द्धनले कार्बन उत्सर्जन गराउने मुख्य तत्व हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्न सकिने भन्दै नवीकरणीय ऊर्जा प्रवर्द्धनमा लगानी बढाउनुपर्नेमा जोड दिनुभयो । उहाँले हरित ऊर्जा निर्यातको सम्भावना वृद्धि गर्न नवीकरणीय ऊर्जा स्रोतहरू सौर्य ऊर्जा, वायु ऊर्जा र जैविक ऊर्जा प्रविधिमा लगानी बढाउनुपर्ने धारणा राख्नुभयो । उहाँ अगाडि भन्नुहुन्छ,"ग्रामीण क्षेत्रमा जीवाश्म इन्धनको प्रयोगलाई घटाएर स्वच्छ ऊर्जा उपलब्ध गराउने नीतिको प्रभावकारी कार्यान्वयन हुनुपर्छ । राष्ट्रिय निर्धारित योगदानमा समावेश गरिएका नीति कार्यान्वयनमा जोड दिँदै आगामी कोप–३० मा जलवायु नीति कार्यान्वयनका लागि आवश्यक वित्त व्यवस्थापनलाई ध्यानमा राखी अहिलेदेखि नै एजेन्डा तयारी गर्नुपर्छ ।"

विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले जलवायु परिवर्तनका कारण बाढी, पहिरो र सुक्खाजस्ता विपद्का लागि पूर्वतयारी र पूर्वसूचनामा लगानी बढाउनुपर्नेमा जोड दिनुभएको छ । उहाँले कोपपछि घरभित्र (नेपाल) व्यापक रूपमा जलवायुजन्य सङ्कट समाधानका लागि तयारी गर्न सरोकारवाला सबैलाई साथमा लिएर सरकारले काम गर्नुपर्ने उहाँको सुझाव छ । "आपत्कालीन राहत व्यवस्थापनमा समुदायको क्षमता अभिवृद्धि गर्ने तथा जोखिम नक्साङ्कन प्रणाली विकसित गरी जोखिम क्षेत्रहरूको पहिचान गर्न आवश्यक छ", उप्रेतीले भन्नुभयो, "सहरी क्षेत्रमा हरित पूर्वाधार, सार्वजनिक यातायात, साइकल लेन र हरित भवनको विकास, जलवायु सहनशील सहरको नीति कार्यान्वयन गर्दै कार्बन न्यूनीकरण र अन्य क्षेत्रमा हिमनदी र जलाशयहरूको प्रभावकारी संरक्षण गर्दै जलस्रोतको दिगो उपयोग गर्नुपर्छ ।"

# विशाल महोत्सवमा ४० करोड तीर्थयात्रीका लागि भारत तयार

प्रयागराज (भारत), ११ पुस (रासस/एएफपी)।

भारतको पवित्र नदीहरूको किनारमा हिन्दू धार्मिक पर्वका लागि एउटा अस्थायी सहर निर्माण भइरहेको छ। यो यति विशाल हुने अपेक्षा गरिएको छ कि यो अन्तरिक्षबाट देख्न सकिन्छ। यो इतिहासको सबैभन्दा ठूलो मेला हो।

छ हप्ता लामो कुम्भ मेलाका क्रममा संयुक्त राज्य अमेरिका र क्यानाडाको संयुक्त जनसङ्ख्याभन्दा बढी ४० करोड तीर्थयात्रीका लागि भारतीय अधिकारीहरूले तयारी गरिरहेका बेला प्रयागराजका नदीहरूमा पन्टुन पुलहरूको लाइन पछि लाइन फैलिएको छ।

पवित्र गङ्गा, यमुना र पौराणिक सरस्वती नदीहरूको सङ्गम स्थलमा प्रत्येक १२ वर्षमा एक पटक धार्मिक श्रद्धा र अनुष्ठान स्नानको सहस्राब्दी पुरानो पवित्र कार्यक्रम आयोजना गरिन्छ।

तर जनवरी १३ देखि फेब्रुअरी २६ सम्मको यो संस्करण एक मेगा आकर्षण हुने अपेक्षा गरिएको छ किनकि यो ग्रहहरूको विशेष पङ्क्तिबद्धतासँग मेल खानेछ।

चार हजार हेक्टर (१५ वर्ग माइल) मा फैलिएको स्थानमा दिन-रात मेहनत गर्ने मजदुरहरूको सेनामध्ये एक अन्त्यहीन विद्युतीय केबलहरूका लागि खाडल खन्ने क्रममा मजदुर बाबु चन्दको निधारमा पसिनाको मोती चम्कन्छ।

"यति धेरै भक्तहरू आउँदैछन्", मेलाका लागि महान कार्यको काम गरिरहेको बताउने ४८ वर्षीय चन्दले भन्नुभयो, "मलाई लाग्छ कि मैले मेरो योगदान गरिरहेको छु-- मैले जे गरिरहेको छु त्यो एउटा पवित्र कार्य जस्तो देखिन्छ।"

**शुद्ध विश्वास**

उत्तरी राज्य उत्तर प्रदेशको



पहिले इलाहाबाद भनिने प्रयागराजको बाढी मैदानमा म्यानहट्नको दुई तिहाइ क्षेत्रफल बराबरको विशाल तम्बु (पाल) सहर निर्माण भइरहेको छ।

"करिब ३५ देखि ४० करोड भक्तजनले मेलाको भ्रमण गर्नेछन्, त्यसैले तपाईंले तयारीको स्तर कल्पना गर्न सक्नुहुन्छ", महोत्सवका प्रवक्ता विवेक चतुर्वेदीले भन्नुभयो।

कुम्भका लागि तयारी गर्नु भनेको नयाँ देश स्थापना गर्नु जस्तै हो। यसमा सडक, प्रकाश, आवास र ढलको आवश्यकता पर्छ।

"यस कार्यक्रमलाई अद्वितीय बनाउने कुरा यसको आकार र कसैलाई निमन्त्रणा नपठाइने तथ्य हो... सबैजना आफ्नै इच्छाले आउँछन्, शुद्ध विश्वासले प्रेरित भएर", चतुर्वेदीले भन्नुभयो, "विश्वमा कतै पनि तपाईंले यो आकारको जमघट देख्नुहुन्न, यसको एक-दशांश पनि।"

साउदी अरेबियाको मक्कामा वार्षिक हज तीर्थयात्रामा करिब १८ लाख मुस्लिमले भाग लिन्छन्। चतुर्वेदीका अनुसार कुम्भका सङ्ख्याहरू अकल्पनीय छन्।

करिब एक लाख ५० हजार शौचालय निर्माण गरिएका छन्, ६८ हजार एलइडी बत्तीका खम्बाहरू खडा गरिएका छन् र सामुदायिक भान्साघरहरूले एकै समयमा ५० हजार मानिसलाई खाना दिन सक्छन्।

धार्मिक तयारीका साथसाथै प्रयागराजले ठूलो पूर्वाधार सुधार गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदी र राज्यका मुख्यमन्त्री योगी आदित्यनाथको विशाल पोस्टरहरूले सहर ढाकेका छन्।

दुवै सत्ताधारी हिन्दू-राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा) का हुनुहुन्छ। उहाँहरूको राजनीति र धर्म गहिरो रूपमा जोडिएको छ।

**अमरत्वको अमृत**

कुम्भ मेला एउटा प्राचीन उत्सव हो। यसको उत्पत्ति हिन्दू पौराणिक कथाहरूमा निहित छ। नदीहरूको सङ्गममा डुबुल्की लगाउनाले आफ्ना पापहरू पखालिने र 'मोक्ष' प्राप्त गर्न मद्दत गर्ने हिन्दूहरू विश्वास गर्छन्। यसले उनीहरूलाई जन्म र मृत्युको चक्रबाट मुक्त गर्नेछ।

पौराणिक कथाहरूअनुसार अमरत्वको अमृत भएको घडा वा 'कुम्भ' लाई लिएर देवताहरू र राक्षसहरूले युद्ध गरे। युद्धको क्रममा चार थोपा अमृत पृथ्वीमा खस्यो। एक थोपा प्रयागराजमा खस्यो।

अन्य थोपा हरिद्वार, नासिक र उज्जैनमा खसेका थिए। यी तीन सहरमा घुम्ती कुम्भ मेला अन्य वर्षहरूमा आयोजना गरिन्छ। तर प्रयागराजमा प्रत्येक १२ वर्षमा आयोजित मेला सबैभन्दा ठूलो हो। आयोजक अधिकारीहरूले यसलाई महान् वा 'महाकुम्भ' मेला भनिरहेका छन्।

अधिकारीहरूका अनुसार सन् २०१९ मा प्रयागराजमा भएको अन्तिम कुम्भ मेलामा २४ करोड भक्तजन देखिएका थिए। तर त्यो सानो 'अर्ध' वा आधा मेला थियो र यो मेला मुख्य कार्यक्रमको बीचमा हुन्छ।

"जब तपाईं कुम्भको बारेमा कुरा गर्नुहुन्छ, तपाईंले खगोल विज्ञानको बारेमा कुरा गर्नुपर्छ", ६९ वर्षीय इतिहासकार हेरम्ब चतुर्वेदीले भन्नुभयो, "बृहस्पतिले एक वर्षमा एउटा राशि चिह्न पार गर्छ, त्यसकारण जब यसले १२ राशि चिह्न पूरा गर्दछ, तब त्यो कुम्भ हुन्छ।"

उहाँका अनुसार उत्सवको मुख्य भाग 'ज्ञानी र विद्वान, गरीब र असहायलाई' दान दिनु हो।

**नागा साधुहरू**

केही तीर्थयात्री पहिल्यै आइपुगेका छन्। यिनीहरूमा नागा साधुहरू छन्। यी घुमन्ते साधु दुर्गम पहाड र जङ्गलबाट हप्तौंसम्म हिँडेर आएका छन्। यिनीहरू प्रायः ध्यानमा समर्पित हुन्छन्।

यिनीहरूले जनवरी १३ मा पहिलो दिनदेखि सुरु हुने छवटा सबैभन्दा शुभ स्नान मितिमा बिहानै चिसो नदीको पानीमा जाने नेतृत्व गर्नेछन्।

"म जनतालाई आशीर्वाद दिन यहाँ आएको छु", जटा बाँधेर नाङ्गै बसेका ९० वर्षीय नागा साधु दिगम्बर रमेश गिरीले भन्नुभयो, "तपाईंले आफ्नो हृदयमा जे चाहना गर्नुहुन्छ त्यो कुम्भमा प्राप्त गर्नुहुन्छ।"


नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**गजेन्द्र नारायण सिंह अस्पताल**

राजविराज, सप्तरी

**दोस्रो पटक प्रकाशित मिति २०८१।०९।१२ गते**

यस अस्पताललाई आ.ब. २०८१।०८२ को लागि आवश्यक पर्ने छपाई सामानहरु दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सप्लाई गर्ने ईच्छुक इजाजत प्राप्त योग्यता पुगेका सप्लायर्स एवं बिक्रेताहरुबाट निम्न शर्तहरुको अधीनमा रही रितपूर्वक शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

शर्तहरुः

१. यो सूचना प्रकाशन दोस्रो पटक प्रकाशित भएको मितिले ०७ औं दिन सम्म कार्यालय समय भित्र यस अस्पतालको जिन्सी शाखामा नियमानुसार रु १०००।०० (पछि फिर्ता नहुने गरी) १०।० टिकट टाँस गरी दरभाउपत्र फारम खरिद गर्न सक्नेछ र आठौं दिन बिहान १२:बजे सम्म दरभाउपत्र दर्ता गर्न सक्नेछ र सोही दिन २ बजे दरभाउपत्र खोलिनेछ ।

२. अरु शर्तहरु सिलबन्दी दरभाउपत्रको फाराम मा उल्लेख भएअनुसार र प्रचलित कानून बमोजिम हुनेछ ।अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| सि.नं. | ठेक्का नं. | विवरण | लागत अनुमान मु.अ.क. सहित | दरभाउपत्र दस्तुर | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति | दरभाउपत्र खोल्ने मिति र समय | धरौटी रकम | धरौटी खाता खाता नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ६।८१।८२ | छपाईका सामानहरु | १७३६५१६.२ | १००० | दोस्रो पटक प्रकाशित मितिले ७ दिनसम्म | ८ औं दिनका १२:00 | १६औं दिनका २:00 | ३९००० | २१८०१००१०२०३०००० कार्यालय कोड नं. ३७०००१५०२ |


## विश्व समाचार

### सिरियाको टार्टस प्रान्तमा भएको झडपमा १७ जनाको मृत्यु

बेरुत, ११ पुस (रासस/एएफपी)।

सिरियाको एक युद्ध पर्यवेक्षकले बुधबार टार्टस प्रान्तमा सुरक्षा बलले अपदस्थ नेता बशर अल-असदको नेतृत्वमा एक अधिकारीलाई पक्राउ गर्न खोजेपछि भएको झडपमा १७ जनाको मृत्यु भएको बताएको छ।

सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्सले सिरियाको नयाँ अधिकारीहरूका 'सामान्य सुरक्षा बलका १४ सदस्य' र 'तीन सशस्त्र व्यक्ति' खिरबेट अल-माजामा मारिएको बताएको छ। यसले पहिलेको नौ जनाको मृत्युको सङ्ख्यालाई बढाएको छ।

अब्जर्भेटरीले बलहरूले 'सैदनाया जेलका अपराधका जिम्मेवारहरू' मध्येका एक अधिकारीलाई पक्राउ गर्न खोजेको बताएको छ। नयाँ गृहमन्त्री मोहम्मद अब्देल रहमानले वक्तव्यमा भन्नुभयो, "सुरक्षा र सुरक्षा कायम राख्ने आफ्नो काम गरिरहेको बेला टार्टस प्रान्तमा आपराधिक शासनका अवशेषहरूले गरेको विश्वासघाती आक्रमणमा गृह मन्त्रालयका १४ जना कर्मचारी मारिए र अन्य १० जना घाइते भए।"

हयात तहरीर अल-शाम (एचटिएस) को नेतृत्वमा विद्रोहीहरूले यस महिना असदलाई हटाएपछि सिरियाका जेलका ढोकाहरू खोलिएका थिए। सरकार विरोधी प्रदर्शनको क्रूर दमनले युद्ध सुरु गरेको १३ वर्षभन्दा बढीपछि पाँच लाखभन्दा बढी मानिस मारिए।

अब्जर्भेटरीले वाञ्छित व्यक्ति 'पूर्व शासन बलका एक अधिकारी थिए जसले सैन्य न्याय विभागको निर्देशक र फिल्ड कोर्टको प्रमुखको पद सम्हालेका थिए' भनी पहिचान गरेको छ। उनको नाम मोहम्मद कान्जो हसन हो। उनले 'हजारौं कैदीविरुद्ध मृत्युदण्ड र स्वेच्छाचारी फैसलाहरू' जारी गरेको बताइएको छ।

असदको अलावी अल्पसङ्ख्यकको गढ टार्टस प्रान्तमा 'धेरै बासिन्दाले आफ्नो घर खोजी गर्न अनुमति दिन अस्वीकार गरेपछि' झडप भएको सिरियाभित्रका स्रोतहरूको नेटवर्कमा भर पर्ने बेलायतस्थित अब्जर्भेटरीले बताएको छ।

"अधिकारीका भाइ र सशस्त्र व्यक्तिहरूले सुरक्षा बललाई रोके, गाउँ नजिकै उनीहरूले आकस्मिक आक्रमण गरे र गस्ती गाडीहरू मध्ये एकलाई लक्षित गरे", अब्जर्भेटरीले भन्यो। अब्जर्भेटरीका अनुसार गाउँमा 'दर्जनौं मानिस' पक्राउ परेका थिए। गैरकानूनी मृत्युदण्ड, यातना र जबरजस्ती बेपत्ता हुने ठाउँ कुख्यात सैदनया परिसर असदका विरोधीहरू विरुद्ध गरिएको अत्याचारको प्रतीक थियो। हजारौं कैदी र बेपत्ता व्यक्तिहरूको भविष्य यस द्वन्द्वको सबैभन्दा दुःखद विरासतमध्ये एक रहेको छ।

### जापान एयरलाइन्समा साइबर आक्रमण

टोकियो, ११ पुस (रासस/एएफपी)।

जापान एयरलाइन्सले बिहीबार साइबर आक्रमणको रिपोर्ट गरेको छ। एयरलाइन्सले यसबाट घरेलु र अन्तर्राष्ट्रिय उडानहरूमा ढिलाइ भएको तर पछि उक्त कारण पत्ता लगाएर समाधान गरेको बतायो। एयरलाइन्सको ब्यागेज चेक-इन प्रणालीमा समस्याहरूले धेरै जापानी विमानस्थलमा एक दर्जनभन्दा बढी उडानमा ढिलाइ भएको तर कुनै सामूहिक रद्द वा ठूलो अवरोध नभएको सार्वजनिक प्रसारक एनएचकेले बतायो। जापान एयरलाइन्स (जेएएल) अल निप्पन एयरवेज (एएनए) पछिको देशको दोस्रो ठूलो एयरलाइन्स हो।

"हामीले समस्याको कारण पत्ता लगायौं र सम्बोधन गर्‍यौं। हामी प्रणाली पुनःस्थापना स्थितिको जाँच गरिरहेका छौं", जेएएलले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा एक पोस्टमा भन्यो, "आज प्रस्थान गर्ने दुवै घरेलु र अन्तर्राष्ट्रिय उडानको बिक्री स्थगित गरिएको छ। कुनै पनि असुविधाका लागि हामी माफी चाहन्छौं।"

यसअघि बिहीबार जेएएलका प्रवक्ताले कम्पनीमाथि साइबर आक्रमण भएको बताउनुभएको थियो। स्थानीय समयानुसार बिहीबार बिहान ७:२४ बजे नेटवर्क अवरोध सुरु भएको जेएएलले विज्ञप्तिमा जनायो। "त्यसपछि बिहान ८:५६ बजे हामीले अवरोध सिर्जना गरिरहेको राउटर (नेटवर्कहरू बीच डाटा आदानप्रदान गर्ने उपकरण) लाई अस्थायी रूपमा अलग गर्‍यौं", विज्ञप्तिमा उल्लेख छ।

यो खबर सार्वजनिक भएपछि जेएएलको शेयर बिहानको कारोबारमा २.५ प्रतिशतसम्म घट्यो। त्यसपछि केही सुधार भयो। एयरलाइन्स साइबर आक्रमणबाट प्रभावित हुने पछिल्लो जापानी कम्पनी मात्र हो। जापानको अन्तरिक्ष एजेन्सी जाक्साले सन् २०२३ मा अज्ञात संस्थाहरूले साइबर आक्रमण गरेर प्रवेश गरेको तर रकेट वा स्याटेलाइटबारे कुनै संवेदनशील जानकारी प्राप्त नभएको बताएको थियो। सोही वर्ष जापानको व्यस्त बन्दरगाहहरू मध्ये एक नागोया बन्दरगाह र्‍यान्समवेयर आक्रमणबाट प्रभावित भएको थियो। यसको दोष रुसमा आधारित साइबर अपराध सङ्गठन लकबिटलाई दिइएको थियो।

जापानको साइबरट्याक्स विरुद्धको रक्षाको लागि जिम्मेवार एजेन्सी नेसनल सेन्टर अफ इन्सिडेन्ट रेडिनेस एन्ड स्ट्रेटेजी फर साइबरसिक्योरिटी (एनआइएससी) ले सन् २०२३ मा नै ह्याकरहरूले नौ महिनासम्म घुसपैठ गरेको बताएको छ।

सन् २०२२ मा सरकारले टोयोटा आपूर्तिकर्तामा अवरोधको पछाडि साइबर आक्रमण भएको बताएको थियो। यसले शीर्ष बिक्री हुने अटो निर्मातालाई एक दिनका लागि घरेलु कारखानाहरूमा सञ्चालन रोक्न बाध्य तुल्याएको थियो। हालै लोकप्रिय जापानी भिडियो साझेदारी वेबसाइट निकोनिकोले ठूलो स्तरको साइबर आक्रमणको प्रभावमा परेको भन्दै जुन महिनामा आफ्ना सेवाहरू स्थगित गरेको थियो।

# वीरगञ्जबाट डिजेल आयात घट्यो, पेट्रोल बढ्यो

पर्सा, ११ पुस (रासस)।

वीरगञ्ज नाकाबाट डिजेल आयात घटेको छ भने पेट्रोल पैठारी बढेको छ। चालु आर्थिक वर्षको पाँच महिनामा डिजेलको आयात एक दशमलव १३ प्रतिशतले घटेको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ।

सो अवधिमाराजस्व सङ्कलनमा पनि छ दशमलव ९१ प्रतिशतले गिरावट आएको छ। आव २०८१/८२ को पाँच महिनामा ३२ अर्ब ३५ करोड २६ लाख ८८ हजारको तीन लाख ६६ हजार सात सय १९ किलोलिटर डिजेल आयात भएको थियो।

गत आवको सोही अवधिमा भने रु ४० अर्ब ३६ करोड ५० लाख १५ हजारको तीन लाख ७० हजार नौ सय २० किलोलिटर डिजेल आयात भएको थियो। चालु आवको पाँच महिनाको अवधिमा डिजेल आयात घटे पनि पेट्रोल आयातमा भने वृद्धि भएको छ।

चालु आवको पाँच महिनाको अवधिमा रु १६ अर्ब २१ करोड दुई लाख २७ हजार पर्ने एक लाख ८८ हजार तीन सय ४५ किलोलिटर पेट्रोल आयात भएको छ। गत आवको सोही अवधिमा भने रु १६ अर्ब ३९ करोड ८० लाख ६० हजार पर्ने एक लाख ६२ हजार ४६ किलोलिटर पेट्रोल आयात भएको थियो। गत आवको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा पेट्रोलको आयात १६ दशमलव २३ प्रतिशत र राजस्वको आधारमा भने १२ दशमलव ५२ प्रतिशतले बढेको उक्त कार्यालयले जनाएको छ।

मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनबाट डिजेल आयात हुने गरेको छ भने पेट्रोल ट्याङ्करबाट नै पैठारी हुँदै आएको छ। नेपाल आयल निगमले यो महिनाभित्रै पेट्रोल र मट्टितेल पनि पाइपलाइनबाट ल्याउने गरी तयारी थालेको जनाएको छ।

यसैबीच, नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले पूर्वाधार निर्माणको समय सुरु भएकाले अब क्रमशः पेट्रोलियम पदार्थको खपत वृद्धि हुने बताउनुभएको छ।

# ज्येष्ठ नागरिकलाई सम्मान गर्न आयोगको आग्रह

काठमाडौँ, ११ पुस (रासस)।

राष्ट्रिय मानवअधिकार आयोगले जेष्ठ नागरिकको सीप, अनुभवलाई युवा पुस्तामा हस्तान्तरण गरी जेष्ठ नागरिकको सम्मान गर्नुपर्नेमा जोड दिइएको छ।

आयोग तीनै तहका सरकार तथा सरोकार भएका सबै निकायलाई जेष्ठ नागरिकको सीप, अनुभव र भोगाईलाई पुस्तान्तरण गरी जेष्ठ नागरिकको सम्मान गर्न आग्रह गरेको हो।

चौथो राष्ट्रिय जेष्ठ नागरिक दिवस 'सभ्य समाजको आधार, जेष्ठ नागरिकमैत्री घरपरिवार' भन्ने नाराका साथ यो दिवस मनाइरहेको सन्दर्भमा आयोगले तीनै तहका सरकारलाई तथा सरोकार भएका सबैलाई जेष्ठ नागरिकको सम्मान आग्रह गरेको हो।

प्रवक्ता डा टीकाराम पोखरेलद्वारा बिहीबार जारी प्रेस विज्ञप्तिमा भनिएको छ, "बढ्दो जनसङ्ख्याप्रति संवेदनशील हुँदै,तीन तहका सरकारले आवश्यकता पहिचान गरी जेष्ठ नागरिकको विषयलाई नीति, योजना, कार्यक्रम र बजेटको प्राथमिकतामा राख्नुपर्ने जरुरी छ।"

जेष्ठ नागरिक ऐन, २०६३ को कार्यान्वयन अवस्थाका सम्बन्धमा आयोगले गरेको अध्ययनको क्रममा ग्रामीण तहका जेष्ठ नागरिक आफ्नो अधिकारका बारेमा जानकार नहुनुका साथै उहाँहरूले राज्यले प्रदान गर्ने सेवा सुविधाको अनुभूति गर्न नपाएको देखिएको छ। सामाजिक सुरक्षाभत्ता प्राप्त गर्न कठिनाई हुनुका साथै राज्यबाट प्रदान गरिएका स्वास्थ्य एवं यातायात सेवामा प्राथमिकतालगायत सुविधा पहुँचयुक्त नभएको अनुगमनको क्रममा पाइएको आयोगले जनाएको छ।

हाल नेपालमा जेष्ठ नागरिकको सङ्ख्या २९ लाख ७७ हजार तीन सय १८ छ। जनगणना २०५८ देखि जनगणना २०६८ सम्म आइपुग्दा जेष्ठ नागरिकको जनसङ्ख्या वृद्धिदर तीन प्रतिशत रहेकामा २०७८ सम्मआइपुग्दा वृद्धिदर तीन दशमलव पाँच प्रतिशत पुगेको छ।

जनगणना २०७८ को समग्र जनसङ्ख्याको वृद्धिदर शून्य दशमलव ९२ प्रतिशत रहेकामा जेष्ठ नागरिकको वृद्धिदर तीन दशमलव पाँच प्रतिशत हुनुले अन्यको तुलनामा जेष्ठ नागरिकको वृद्धि प्रतिशत बढी देखिन्छ।

उल्लिखित तथ्याङ्कलाई विश्लेषण गर्दा भविष्यमा समाजमा जेष्ठ नागरिकको सङ्ख्याप्रतिशत अझ बढ्ने आँकलन गर्न सकिन्छ। औसत आयु वृद्धि, मृत्यूदरमाकमी, स्वास्थ्यप्रति सचेतनाका कारण जेष्ठ नागरिकको जनसङ्ख्यावृद्धि हुँदै गएको देखिएको छ।

जेष्ठ नागरिकमा रहेको ज्ञान, सीप, अनुभव र क्षमतालाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने सम्बन्धमा संविधान, नीति, ऐन, नियमावलीका साथै तीनै तहका सरकारले विभिन्न योजना तथा कार्यक्रमका उल्लेख गरेता पनि अपेक्षित नतिजा हाँसिल हुन सकेको देखिँदैन।

आयोगले जेष्ठ नागरिकको अधिकार संरक्षण र संवर्द्धनलाई प्राथमिकतामा राखीकार्य गर्दै आइरहेको छ। नेपालले जेष्ठ नागरिकलाई सम्मान र अधिकारमा पुहँच पुऱ्याउने उद्देश्यले विसं २०७८ साल पुस ११ गतेदेखि नेपाल सरकारले राष्ट्रिय जेष्ठ नागरिक दिवस मनाउन सुरु गरेको हो।

# स्ववियु निर्वाचनको तयारी गर्दै त्रिविवि

काठमाडौँ, ११ पुस (रासस)।

त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियन ( स्ववियु) निर्वाचनको तयारी थालेको छ। आगामी फागुन १५ गते हुने स्ववियु निर्वाचनका लागि त्रिविले तयारीलाई तीव्र पारेको छ। विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले स्ववियु निर्वाचन गराउने प्रक्रिया अगाडि बढाएको जानकारी दिनुभयो।

उहाँले विद्यार्थी कल्याण परिषद्को बैठक राखेर स्ववियु निर्वाचनलाई तोकिएकै मितिमा सम्पन्न गर्ने छलफल गरिएको बताउनुभयो। त्रिविले शैक्षिक क्यालेण्डरमा नै स्ववियु निर्वाचनको मिति तोकेको छ। निर्देशक अधिकारीले चाँडै नै विद्यार्थी सङ्गठनसँग छलफल गरी निर्वाचनको कामलाई अगाडि बढाउने बताउनुभयो।

अनेरास्ववियुका अध्यक्ष समिक वडालले स्ववियु निर्वाचनको तयारी आफ्नो सङ्गठनले गरिरहेको बताउनुभयो। उहाँले स्ववियु निर्वाचनका लागि घोषणापत्र तयार पार्नका लागि उपाध्यक्ष गोविन्द गिरीको संयोजकत्वमा स्ववियु घोषणापत्र तयारी कमिटी गठन गरिएको छ। अध्यक्ष वडालले स्ववियु निर्वाचन लागि सङ्गठनले यही पुस २५ र २६ गते अनेरास्ववियुका जिल्ला अध्यक्ष भेला र आगामी माघ ६ देखि ८ गतेसम्म केन्द्रीय कमिटी बैठक बोलाएको बताउनुभयो।

यस्तै नेपाल विद्यार्थी सङ्घका प्रवक्ता सुरज सेजुवालले निर्वाचन हुने सबै क्याम्पसमा प्रतिनिधि खटाइसकेको जानकारी दिनुभयो। उहाँले सबै क्याम्पसमा सङ्गठन विस्तारका साथै स्ववियु निर्वाचन केन्द्रित कार्यक्रम सुरु गरिएको बताउनुभयो।

अनेरास्ववियु ( क्रान्तिकारी)का अध्यक्ष पञ्चा सिंहले क्याम्पस कमिटीलाई स्ववियु निर्वाचन तयारीमा जुट्न निर्देशन दिइसकेको बताउनुभयो। "हामी अहिले महाधिवेशनमा रहेकाले पर्याप्त तयारी गर्न पाएका छैनौँ। महाधिवेशन सकिएलगत्तै नयाँ नेतृत्वको एकसूत्रीय माग स्ववियु निर्वाचन नै हो", उहाँले भन्नुभयो, "स्ववियु निर्वाचन समयमा नै हुन्छ। त्यसको तयारीमा हामी छौँ।"

प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचन २०६५ सालदेखि नियमित हुन सकेको छैन। विसं २०६५ चैत ६ गते भएको स्ववियु निर्वाचन एकैपटक आठ वर्षमा विसं २०७३ चैत १५ गते भएको थियो। त्यसपछि २०७९ चैत ५ गते देशभरि नै केही क्याम्पसबाहेक सम्पन्न भएको थियो। त्यतिबेला नौ वटा आङ्गिक क्याम्पस निर्वाचन हुन सकेको थिएन।

स्ववियु निर्वाचनमा देशभरिका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा हुनेछ। निर्वाचनमा २८ वर्षे उमेर हद बन्दी र मिश्रित निर्वाचन प्रणालीमा व्यवस्था गरिएको छ।

# स्वास्थ्य सेवाको सुदृढीकरणका लागि सम्मेलन आयोजना गर्दै स्वास्थ्य मन्त्रालय

काठमाडौँ, ११ पुस (रासस)।

देशको स्वास्थ्य सेवाको सुदृढीकरण गर्ने उद्देश्यसहित स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बिहीबार र शुक्रबार स्वास्थ्य सम्मेलनको आयोजना गर्दैछ।

प्रवासी चिकित्सक, स्वास्थ्यकर्मी र जनस्वास्थ्यकर्मीहरूको ज्ञान, सीप, र स्रोतलाई नेपालको स्वास्थ्य प्रणाली सुदृढ बनाउन प्रयोग गर्ने उद्देश्यसहित काठमाडौँमा दुईदिने सम्मेलन गर्न लागिएको मन्त्रालयले जनाएको छ।

'स्वास्थ्य सेवाको सुदृढीकरणका लागि प्रवासीहरूको संलग्नता' भन्ने नाराका साथ काठमाडौँमा हुने 'नेपाल हेल्थ कन्क्लेभ'मा ९० भन्दा बढी देशबाट दर्ता भएका एक हजार जना सहभागी हुँदैछन्। यीमध्ये तीन सय जनाको भौतिक उपस्थिति र सात सयजना भर्चुअल माध्यमबाट सम्मेलनमा जोडिने मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो।

यस सम्मेलनले प्रवासी र स्थानीय चिकित्सक, स्वास्थ्यकर्मी र जनस्वास्थ्यकर्मीबीच ज्ञान र प्रविधिको हस्तान्तरणलाई प्रोत्साहन गर्ने मन्त्रालयको विश्वास छ। यस्तै, अनुसन्धान, नवीनता र तालिमका लागि सहकार्यलाई प्रवर्द्धन गर्ने एवं दीर्घकालीन संलग्नताका लागि नीतिगत सहजीकरण र रणनीति निर्माण गर्ने सम्मेलनको उद्देश्य रहेको प्रवक्ता डा बुढाथोकीले बताउनुभयो।

प्रवासी संलग्नताको विश्वव्यापी अभ्यास, 'इ-हेल्थ' र उन्नत स्वास्थ्य, नीतिगत संवाद र दीर्घकालीन संलग्नता तथा अनुसन्धान, शिक्षा र नवीनतालगायत यस सम्मेलनका प्रमुख विषयवस्तु हुनेछन्। यी विषयमा सामूहिक छलफल र अनुभव आदानप्रदान हुने बताइएको छ।

यस्तै, सम्मेलनले नेपाल मेडिकल प्रवासी संलग्नता रूपरेखा तयार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। स्वास्थ्य प्रणाली सुदृढ गर्न नीतिगत सिफारिस प्रस्तुतिदेखि स्थानीय र अन्तर्राष्ट्रिय चिकित्सक, स्वास्थ्यकर्मी एवं जनस्वास्थ्यकर्मीबीच दीर्घकालीन सहकार्यका लागि रणनीति तयार गर्न सम्मेलनका निष्कर्षले थप सहज हुने अपेक्षा रहेको मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले बताउनुभयो।


## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ। तर, यसबारे धेरैलाई जानकारी छैन्। धार्मिक पर्यटकदेखि रमणियस्थलहरु छन्। धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन्। छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढ टाढाबाट व्यक्तिहरु आउने गर्छन्। मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ। मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ। यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ। साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ। कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन्। जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन्।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन्। कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ। यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह। यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ। यी ठउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं। **सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याऔं।**

जनहीतका लागि : **उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, पर्यटन विकास कार्यालय लहान, सिरहा**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*